**प्रश्न नं. ५७**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं.६८३२ देखि ६९५३ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं.२ मा रामबहादुर रानाभाटको जाहेरीले नेपाल सरकार

विरुद्ध

तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं.२ मा बस्ने पुर्णचन्द्र ढकालको छोरा दिवश ढकाल

**<u>मुद्दा : ज्यान सम्बन्धी कसुर ।</u>**

(१) म र मेरो श्रीमती अन्जना ढकाल मिति २०७५।०८।१ गते बेलुकी संगै सुतेकोमा भोलीपल्ट बिहान अन्दाजी ०४:३० बजेको समयमा म उठी निजलाई बोलाउदा निज नबोलेकीले हेर्दा बेहोस भएको देखी तत्काल घर परिवारलाई खबर गरी उपचारको लागि लैजाँदा मृत्यु भएकोले कानुन बमोजिम गरिपाऊँ भन्नेसमेत बेहोराको मिति २०७५।०८।०२ गतेको **दिवश ढकालको जाहेरी ।**

(२) जिल्ला तनहुँ व्यास नगरपालिका वडा नं.२ स्थित चार किल्लाभित्र रहेको पुर्णचन्द्र ढकालको घरको पहिलो तलाको पश्चिमपट्टि रहेको १४x१५ को बैठक कोठा, कोठाको चारैतर्फ मानिस बस्नको लागि लोबेड बिच्छाइएको, कोठाको बीच भागमा रहेको कार्पेटमाथि गलैचामा मृतक अन्जना ढकाल र निजको श्रीमान् दिवश ढकाल सुतेकोमा अन्जनालाई मिति २०७५।८।०१ गते बिहान बेहोस देखी उपचारको लागि विस्तारासहित उठाई लगेको र कोठामा भएको टेबुलमा अ.१ लिटर पानी अट्ने गुलाबी रंगको प्लाष्टिकको बोतलमा १ गिलास जति पानी रहेको बोतलसमेत बरामद गरिएको भन्ने बेहोराको मिति २०७५।८।२ गतेको **घटनास्थल मुचुल्का ।**

(३) जिल्ला तनहुँ व्यास नगपालिका वडा नं.१० स्थित दमौली अस्पतालको शाव गृहमा मृतक अन्जना ढकालको लास उत्तर टाउको दक्षिण खुट्टा भएर उत्तानो अवस्थामा रहेको, मृतकको निधार माथिको हाड केही उठेको जस्तो देखिएको, तल्लो ओठमा दाँतको डाम रहेको, ओठ निलो देखिएको भन्नेसमेत बेहोराको मिति २०७५।८।२ गतेको **लास जाँच मुचुल्का ।**

(४) मेरो छोरी अन्जना ढकाल आफैँ मरेको नभई निजलाई ज्वाई दिवश ढकालले कर्तव्य गरी मारेकोमा पुर्ण विश्वास लागेको कारण निजलाई कानुनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०७५।८।२ गतेको रामबहादुर रानाभाटको **किटानी जाहेरी ।**

(५) मृतक अन्जना ढकालको मृत्यु भौतिक चोटपटकको कारणबाट Strangulation भई भएको हुन सक्ने देखिन्छ भन्नेसमेत बेहोराको **शव परीक्षण प्रतिवेदन**

(६) म र श्रीमती अन्जना ढकाल दुईजना बीच प्रेम सम्बन्ध भएपछि दुवैको घर परिवारको सहमतिमा विवाह भएको हो । म काठमाडौमा मास्टर डिग्री अध्ययन गदैछु। श्रीमती घरमा बसेर आर्दश बोर्डिङ स्कुलमा पढाउने

गर्दथिन् । निजमा पेटसम्बन्धी र प्रेसरलोको समस्या थियो, चेकजाँच गराउदा आत्तिनु पर्दैन भनी डा.को राय रहेको र डाक्टरको सल्लाहअनुसार औषधी सेवन गर्दै आएकी थिइन् । मिति २०७५।०८।१ गते म र श्रीमती राति बैठक कोठामा भुईमा बिस्तारा लगाएर सँगै सुतेका थियौ । मैले ढोकाको चुकुल लगाएको थिएँ । निज राति १ बजेर ३।४ मिनेट जाँदाको समयमा एकपटक उठेर बोतलमा रहेको पानीसमेत खाई सुतेकी थिइन् । म ऐ.२ गते बिहान अं ०४:३० बजेको समयमा उठी श्रीमतीलाई बोलाउदा नबोलेपछि म आत्तिएर आमासमेतका घर परिवार तथा छरछिमेकीलाई खबर गरेँ । स्वास्थ्यकर्मीसमेत ल्याई चेकजाँच गराइएको र पछि रत्नहरि अस्पतालमा लगिएकोमा निजको मृत्यु भइसकेको भन्ने कुरा थाहा भएको र अस्पताल लैजानुअगाडी निज श्रीमती बिरामी भएको भन्ने कुरा निजको माइती पक्षलाई तत्काल फोनमार्फत खबर गरिएको थियो । निजलाई कोही कसैले कर्तव्य गरी मारे मराएको नभई निजको मृत्यु अचानक हुन गएको हो,गण्डकी अस्पताल पोखराबाट गरिएको शव परीक्षण रिपोर्ट के कसरी आयो मलाई थाहा छैन भन्ने बेहोराको अभियुक्त **दिवश ढकालको अनुसन्धानसमक्ष भएको बयान ।**

(७) अन्जना ढकाल र दिवश ढकालको प्रेम सम्बन्ध भई विवाह भएको हो , निजहरुको घर परिवारसँगको सम्बन्ध राम्रै थियो , मृतक आदर्श बोर्डिङ स्कुलमा पढाउने गर्दथिन् । निज पेट तथा प्रेसर लोबाट समय समयमा बिरामी हुने गरेको र निजले पढाउदै गरेको स्कुलमा गत श्रावण महिनामा बेहोससमेत भएकी थिइन् , अन्य ठुलो बिरामी भएको थाहा छैन । निजलाई हामीले देख्दा कुनै चोट निलडाम नभएको सामान्य अवस्थामा मृत्यु भएको जस्तो देखिन्थ्यो , निज अन्जना ढकाल सुतैकै अवस्थामा अचानक बेहोसु हुन गई मृत्यु हुन गएकी हुन् । निजलाई निजको श्रीमान् दिवश ढकालले कर्तव्य गरी मारेको भन्ने कुरामा विश्वास लाग्दैन भन्ने एकै मिलान को अखिलेस सिंह, दयाराम पाण्डेले गरेको कागज ।

(८) अन्जु ढकाल र दिवश ढकालको प्रेम सम्बन्ध भएर विवाह भएको हो, अन्जनालाई घरमा भित्राएपछि निजको घर परिवार तथा श्रीमान् दिवशसमेतले हेला गर्ने, विभिन्न लाञ्छना लगाउने, दाइजो सम्बन्धमा विवाद निकाले श्रीमतीलाई हेला गरेको कारण विश ढकाल श्रीमतीलाई नलिई आफु एक्लै हिड्ने, घुम्ने, अन्जनालाई बेहोस अवस्थामा बिस्तारामा फेला पारेपछि पनि माइती पक्षलाई खबर  नगर्ने , श्रीमतीको मृत्युप्रति वेवास्था देखाएका , मृतक अन्जनाको लास हेर्दा मुन्टो लुलो, ओठमा चोट , योनीबाट पिसाब निस्केको तथा शव परीक्षण रिपोर्टमा घाटीको भागमा भित्री चोट देखिंदा निजको मृत्यु आफै नभई निजको श्रीमान् दिवश ढकालसमेतले कर्तव्य गरी मारेको हो भन्ने एकै मिलानको सम्झना रानाभाट रामबहादुर अधिकारीको कागज ।

(९) प्रतिवादी दिवश ढकाललाई मुलुकी अपराध संहिता,२०७४ को ज्यान सम्बन्धी कसुरको दफा १७७ को उपदफा १ बमोजिमको कसुर अपराधमा सोही संहिताको दफा १७७ को उपदफा २ बमोजिम जन्म कैदको सजाय गरिपाउँ भन्ने व्यहोराको **अभियोग पत्र ।**

(१०) प्रतिवादी दिवश ढकालले सुरु अदालतमा गरेको **ईन्कारी बयान ।**

**प्रश्न नं. ५७**

(११) बुझिएका प्रहरीमा कागज गर्ने तथा जाहेरवालाहरु समेतले अदालतमा गरेको **बकपत्र ।**

(१२) प्रतिवादी दिवश ढकालले सफाई पाउने ठहर्छ भन्ने समेत बेहोराको **तनहुँ जिल्ला अदालतको फैस**ला ।

(१३) वादी नेपाल सरकारको **उच्च अदालत, पोखरामा परेको पुनरावेदनपत्र** ।